Regd No: 9303/055/56

FBC

**FULL BRIGHT CONSULTANCY (Pvt.) Ltd.**
316 Baburam Acharya Sadak, Sinamangal, Kathmandu
GPO Box: 4970, Kathmandu Nepal
Tel: 977 1 4468749, 4468118 Fax: 4465604
Email: fbc@mos.com.np; Website: www.fbc.com.np

मिति: २०७६/१०/१४

श्रीमान् प्रमुख ज्यू
डाक्नेश्वरी नगरपालिका,
सप्तरी, प्रदेश नं: २

**विषय: सार्वजनिक सुनुवाइको सूचना टाँस गरि जानकारी गराइ सहयोग गरि दिने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा, नेपाल सरकार, भौतिक निर्माण तथा यातायात मन्त्रालय, रेल विभागले **मेची–महाकाली विद्युतीय रेल्वे लाइनको बर्दिबास – ईनरुवा खण्डको** रेलमार्गको विस्तृत सर्भे डिजाइनको कार्य तथा वातावरणीय प्रभाव मूल्याङकन (EIA) अध्ययन कार्य सम्पन्न भइ, वातावरणीय प्रभाव मूल्याङकन (EIA) प्रतिवेदन उपर सार्वजनिक सुनुवाइ कार्यक्रम रहेको जानकारी गराउदछौं ।

यसै व्यहोराको सूचना मिति २०७६/१०/१४ गतेको राजधानी दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सुनुवाइको प्रति तंहा कार्यालयमा टाँस गरि, यस कार्यक्रम सम्बन्धी जानकारी सबै **सरोकारवाला** जनसमुदायमा प्रवाह गरि सहयोग गरि दिन हुन अनुरोध गर्दछौं ।

धन्यवाद् ।

भवदीय,

.......................................
मन्जुल कृष्ण मानन्धर
निर्देशक
फूल ब्राईट कन्सल्टेन्सी प्रा.लि.
काठमाण्डौं ।

संलग्न पत्र : सार्वजनिक सूचनाको पत्र १ थान ।



Scanned by CamScanner

Regd No. 9303/055/56

FBC

FULL BRIGHT CONSULTANCY (Pvt.) Ltd.
316 Baburam Acharya Sadak, Sinamangal, Kathmandu
GPO Box: 4970, Kathmandu Nepal
Tel: 977 1 4468749, 4468118 Fax: 4465604
Email: fbc@mos.com.np; Website: www.fbc.com.np

मिति: २०७६/१०/१४

श्रीमान् प्रमुख ज्यू
डाक्नेश्वरी नगरपालिका,
सप्तरी, प्रदेश नं: २

**विषय: सिफारिस पठाइ सहयोग गरि दिने बारे ।**

महोदय,

उपरोक्त सम्वन्धमा, नेपाल सरकार, भौतिक निर्माण तथा यातायात मन्त्रालय, रेल विभागले **मेची–महाकाली विद्युतीय रेल्वे लाइनको बर्दिबास – ईनरुवा खण्डको** रेलमार्गको विस्तृत सर्भे डिजाइनको कार्य तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन कार्य सम्पन्न भइ, वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन उपर सार्वजनिक सुनुवाइ कार्यक्रम रहेको जानकारी गराउदछौं ।

**मेची–महाकाली विद्युतीय रेल्वे लाइनको बर्दिबास – ईनरुवा खण्डको** रेलमार्गको निमार्णको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन सम्वन्धी केही राय सुझाव भएमा सो पनि संलग्न गरि तहाँ नगरपालिका/गाउँपालिकाको तर्फबाट यस प्रस्ताव कार्यानवयनको लागी सिफारिस पत्र **पठाइ, यस** परियोजनामा सहयोग गरि दिनु हुन अनुरोध गर्दछौं ।

साथै, मिति २०७६/१०/१४ गतेको राजधानी दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सुनुवाइको सूचनाको प्रति त्यस कार्यालयको जानकारीको लागी पुन: यसै साथ सन्लग्न गरिएको छ ।

धन्यवाद् ।

भवदीय,

............................
मन्जुल कृष्ण मानन्धर
निर्देशक
फूल ब्राईट कन्सल्टेन्सी प्रा.लि.
काठमाण्डौं ।

संलग्न पत्र : सार्वजनिक सूचनाको पत्र १ थान ।

*Consulting Engineers, Planners, Managers and Development Strategists*

Scanned by CamScanner

राजधानी
मंगलबार १४ माघ २०७६
Tuesday 28 January 2020

नेपाल सरकार

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

## रेल विभाग

बिशालनगर, काठमाडौं

## मेची-महाकाली रेलवे आयोजनाको बर्दिबास-ईनरुवा खण्डको वातावरणीय प्रभाव मूल्यांकन अध्ययनको लागि सार्वजनिक सुनवाई (Public Hearing) संम्बन्धी सूचना

**प्रकाशित मिति २०७६/१०/१४**

मेची-महाकाली रेल्वे एउटा राष्ट्रिय गौरव आयोजनाको रुपमा लिईएको छ भने सुरक्षित, भरपर्दो, एवं त्याकत अनुसार सार्वजनिक रेल्वे सेवाको निर्माण र विस्तार अन्तराष्ट्रिय जगत सम्म गरी संचालन र व्यवस्थापन समय सापेक्ष एवं समुचितढंगमा गरी सेवालाई विश्वसनिय बनाई देशको सामाजिक, आर्थिक बिकास समग्रतामा बृद्धि गर्नु यसको मूल उद्देश्य रहेको छ । उक्त परिकल्पनालाई विश्वस्तरीय बनाई देशको सामाजिक, आर्थिक बिकास समग्रता बृद्धि गर्नु उद्देश्य रहेको छ। उक्त परिकल्पनालाई कम खर्चमा एवं सक्ष्मता साथै रेल्वे सेवाको पूर्वाधार विकास, विस्तार एवं व्यावस्थापन गर्ने मेची-महाकाली रेल्वे बर्दिवास-ईनरुवा खण्डको निर्माण तथा संचालनको लागि वातावरणीय प्रभाव मुल्यांकण (EIA) अध्ययनका साथै सार्वजनिक सुनवाई गर्नुपर्ने भएकोले निम्न स्थान, मिति र समयमा स्थानीय सबै सरोकारवाला संघ संस्था, व्यक्ति तथा आमजनमानसमा उपस्थितिका लागि यस सार्वजनिक सूचना मार्फत आव्हान गरिन्छ। उक्त रेल्वे आयोजना निम्नानुसारको प्रस्ताव गरिएको छ।

क) बर्दिबास - ईनरुवा खण्ड करिब १३९.४२ कि.मी.

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय आन्तर्गत रेल्वे विभागले उक्त प्रस्ताव कार्यान्वयन गर्न लागेकोमा सो प्रस्ताव कार्यन्वयन गर्नु अघि उक्त प्रस्तावको वातावरणीय प्रभाव (EIA) अध्ययन गर्ने सिलसिलामा प्रस्ताव कार्यन्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक, जैविक, रासायनिक, सांस्कृतिक र आर्थिक तथा सामाजिक प्रणाली, यीनका अवयवहरुको आन्तरक्रिया तथा अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न बतावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन तयार भैसकेको र उक्त प्रतिवेदन उपर प्रभावित क्षेत्रमा पर्ने महानगरपालिका, नगरपालिका, गाउँपालिकाहरुमा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली २०५४(पछिल्लो संसोधन) को नियम ७ उपनियम २ बमोजिम सार्वजनिक सुनवाईको कार्यक्रम गर्नु पर्ने भएकोले सो कार्यक्रममा उपस्थिति भई आफ्नो रायसुझाव उपलब्ध गरिदिनु हुन अनुरोध गरिन्छ। प्राप्त राय सुझावका आधारमा यस वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनलाई आन्तिम रुप दिइनेछ।

**प्रस्तावको नाम:** मेची-महाकाली रेल्वे आयोजनाको बर्दिबास - ईनरुवा खण्ड (जम्मा १३९.४२ कि.मी.)

प्रस्ताव कार्यान्वयन गर्दा प्रवाव पर्ने नगरपालिका र गाउँपालिकाहरुः

१. महोत्तरी जिल्ला : बर्दिबास न.पा.
२. धनुषा जिल्ला: मिथिला, छिरेश्वरनाथ, धनुषाधाम, गणेशमान चौरनाथ, र शहिदनगर न.पा.हरु
३. सिरहा जिल्ला: कर्जन्हा, मिचैया, गोलबजार, धनगढिमाई र लाहान, न.पा, हरु तथा नरहा गा.पा.
४. सप्तरी जिल्ला : सुरुङ्गा, खडक, शम्भुनाथ, डाक्नेश्वरी, राजविराज, हनुमाननगर कङ्कालिनी, रकञ्चनरुप न.पा.हरु तथा रुपनी, महादेवा, र तिरहुत गा.पा.हरु
५. सुनसरी जिल्ला : कोशी र भोक्राहा नरसिंह गा.पा.हरु

**सार्वजनिक सुनुवाईको कार्यक्रमः**

| स्थान | मिति | लक्षित् प्रभावित क्षेत्रहरु | समय |
|---|---|---|---|
| **मिथिला न.पा. को कार्यालय, ढल्केवर** | मिति : २०७६/१०/२७ | बर्दिबास, मिथिला, छिरेश्वरनाथ, धनुषाधाम, गणेशमान चारनाथ र शहिदनगर न.पा.हरु | विहान ११:०० बजे |
| **लाहान न.पा. को कार्यालय, लाहान** | मिति : २०७६/१०/२८ | कर्जन्हा, मिचैया, गोलबजार, धनगढिमाई र लाहान, न.पा,हरु तथा नरहा गा.पा. | विहान ११:०० बजे |
| **राजविराज न.पा. को कार्यालय, राजविराज** | मिति : २०७६/१०/२९ | सुरुङ्गा, खडक, शम्भुनाथ, डाक्नेश्वरी, राजविराज, हनुमाननगर कङ्कालिनी, रकञ्चनरुप न.पा.हरु तथा रुपनी, महादेवा, र तिरहुत, कोशी र भोक्राहा नरसिंह गा.पा.हरु | विहान ११:०० बजे |

**प्रस्तावकको नाम र ठेगाना**
रेल विभाग
विशालनगर, काठमाडौं
टेलिफोन नं : ९७७-०१-४४१७९१५
फ्याक्स नं : ९७७-०१-४४१७९२४
इमेल : dorwkathmandu1@gmail.com

**परामर्शदाताको नाम र ठेगाना**
फूल ब्राईट कन्सल्टेन्सी प्रा.लि.
सिनामंगल, काठमाडौं, नेपाल
फोन नं : ४४६८७४९, ४४६८११८
फ्याक्स न.: ९७७-०१-४४६५६०४
इमेल : fbc@mos.com.np

Scanned by CamScanner

**मेची–महाकाली बिद्युतिय रेलमार्गको अन्तरगत बर्दिबास – ईनरुवा खण्डको**
**वातावरणीय प्रभाव मुल्यान्कन प्रतिवेदन सम्बन्धी**

# संक्षिप्त जानकारीपत्र

### १. पृष्ठभूमी

नेपाल सरकार, रेल बिभाग, अन्तरगत रेल तथा मेट्रो विकास परियोजनाले, **मेची–महाकाली बिद्युतिय रेलमार्ग** परियोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा प्राथमिकतामा राखेको छ र कुल ७ खण्डहरु मध्ये ६ खण्डको बिस्तृत सर्भे तथा डिजाईन कार्य सम्पन्न भैसकेको अवस्था छ । यसै सन्दर्भमा रेल विभागले **मेची–महाकाली बिद्युतिय रेलमार्ग**को कुल लम्बाई ९४५ कि.मी. मध्ये **बर्दिबास – ईनरुवा खण्डको**, १३९.४२ कि.मी. लम्बाईको, बिस्तृत सर्भे र डिजाईन कार्य तथा वातावरणीय प्रभाव मुल्यान्कन (EIA) सम्पन्न गरेको छ ।

### ३. परियोजनाको संक्षिप्त विवरण

**मेची–महाकाली बिद्युतिय रेलमार्ग** अन्तरगतको **बर्दिबास – ईनरुवा रेलमार्ग खण्डको**, (१३९.४२ कि.मी. लम्बाईको) रेलमार्गको, सुरुवात, प्रदेश नं. २ महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकामा सुरु भइ, धनुषा जिल्लाको मिथिला, क्षिरेश्वरनाथ, धनुषाधाम, गणेशमान चारनाथ, र शहिदनगर न.पा., सिराहा जिल्लाको कर्जन्हा, मिर्चैया, गोलबजार, धनगढीमाई, लाहान न.पा. र नरहा गा.पा., सप्तरी जिल्लाको सुरंगा, खडक, शम्भुनाथ, डाक्नेश्वरी, राजबिराज, हनुमाननगर कंङ्कालिनी, कंचनरूप न.पा. र रूपनी, महादेवा, तिरहुत गा.पा. र प्रदेश नं. १ सुनसरी जिल्लाको कोशी, भोक्राहा नरसिंह गा.पा.को ईनरुवमा समाप्त हुनेछ ।

यस रेलमार्गले ओगत्ने जमीन, रेलमार्गको केन्द्रविन्दुबाट दाँया, बाँया २५मी./२५मी. को भाग र स्टेशन क्षेत्रहरुमा थप जमीन गरि कुल ८१४.२२ हेक्टर जमीन आवश्यक पर्ने र त्यस मध्ये ७४१.६७ हेक्टर निजी जमीन रहेको छ । कुल जमीन मध्ये, रेलमार्ग निर्माणको लागी ६११.३५ हेक्टर र स्टेशनहरु निर्माणको लागी १३०.३२ हेक्टर जमीन उपयोग गरिने छ ।

**बर्दिबास – ईनरुवा रेलमार्ग खण्डमा** जम्मा १४ स्थानमा स्टेशनहरु रहने छन्, जसमध्ये १० स्थानका स्टेशनहरुमा मात्र यात्रुहरुको प्रयोगको लागी हुनेछ र अन्य ४ स्टेशनहरु सिग्नल स्टेशनको रुपमा मात्र रहने छ । साथै २ स्थानका स्टेशनहरुमा मालवाहक गाडी पनि रोकिने स्टेशनहरु हुनेछ ।

**बर्दिबास – ईनरुवा रेलमार्ग खण्डमा**, उत्तर–दक्षिण बग्ने जम्मा २८ प्रमुख नदीहरु पर्दछन्, जसमा जम्मा ६१ पुलहरु रहने छन् भने पुलहरुको जम्मा लम्वाई १६.०६ कि.मी. (११.५ %) हुनेछ, जसमध्ये सप्त कोशी नदीको पुलको लम्वाई ८.१२ कि.मी. (जम्मा स्पान संख्या २०३ ) र हालको कोशी ब्यारेजबाट ६ कि.मी. उत्तरमा प्रस्ताव गरिएको छ । साथै विद्यमान सडक पार गर्न सडक माथी बन्ने पुल संख्या १४८, र कल्भर्टको संख्या २९१ रहेको छ ।

**बर्दिबास – ईनरुवा रेलमार्ग खण्डमा रहने १४ स्टेशनहरु निम्न बमोजिम स्थानहरुमा रहने छन् ।**

| जिल्ला | स्टेशन नाम | स्टेशनको प्रकार | स्टेशन रहने स्थान | | स्टेशन क्षेत्रफल |
|---|---|---|---|---|---|
| | | | न.पा. गा.पा. | साविक न.पा./ गा.वि.स. | |
| महोत्तरी | १. बर्दिबास | यात्रु, मालवाहक | बर्दिबास –१४ | बर्दिबास –६ | १९.७२ हे. (२९ विगाहा) |
| धनुषा | २. नक्टाभिजं | यात्रु | मिथिला–६ | नक्टाभिज –७ | ८.३६ हे. (१२ विगाहा) |
| | ३. यज्ञभूमि | यात्रु | धनुषाधाम –७ | यज्ञभूमि –६ | ७.७८ हे. (११ विगाहा) |
| सिराहा | ४. कल्याणपुर | सिग्नल | कर्जन्हा –६ | कल्याणपुर कालाबन्जार –४ | ५.७२ हे. (८ विगाहा) |
| | ५. मिर्चैया | यात्रु | मिर्चैया –३ | रागोपुर –८ | ७.३१ हे. (११ विगाहा) |
| | ६. आसनपुर | यात्रु | गोलबाजार –१२ | बेटौना –८ | ७.९९ हे. (१२ विगाहा) |
| | ७. धनगढी | यात्रु | धनगढीमाई –४,२ | भवानीपुर –२ | ७.८० हे. (१२ विगाहा) |
| | ८. लाहान | यात्रु, मालवाहक | लहान –२०,१९ | भवानीपुर कालाबन्जार –८ | २१.०१ हे. (३१ विगाहा) |
| सप्तरी | ९. बानरजुला | सिग्नल | खडक –२ | बानरजुला –७ | ५.८३ हे. (९ विगाहा) |
| | १०. मोहनपुर | यात्रु | शम्भुनाथ –११ | रामपुर जमुवा –५ | ८.०५ हे. (१२ विगाहा) |
| | ११. राजबिराज | यात्रु | राजबिराज – ९ | मेलेथ –५ | ८.४३ हे. (१२ विगाहा) |
| | १२. डिमन | सिग्नल | महादेवा –४ | डिमन –७ | ६.६० हे. (१० विगाहा) |
| | १३. धनपुरी | यात्रु | हनुमाननगर कंङ्कालिनी –३ | त्रिकौल –१ | ८.१० हे. ( १२ विगाहा) |
| सुनसरी | १४. हरिपुर | सिग्नल | कोशी –४ | श्रीपुर जब्दी –८ | ७.६२ हे. (११ विगाहा) |
| | जम्मा १४ स्टेशन | यात्रु १०, मालवाहक २, सिग्नल ४ | | जम्मा | १३०.३२ हे. (१९२ विगाहा) |

Scanned by CamScanner

परियोजनाको लागि आवश्यक पर्ने जमीनको सारंश

| जिल्ला | रेलमार्गको लम्बाई | निजी जमीन | | | | | वन क्षेत्र | कोशी टप्पु मध्यवर्ती क्षेत्र | अन्य जमीन | जम्मा आवश्यक जमीन | जम्मा आवश्यक घर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जग्गाधनी संख्या | कित्ता संख्या | जम्मा क्षेत्रफल | रेल मार्ग | स्टेशन | | | | | |
| महोत्तरी | ३.१२ कि.मी. | १७५ | २३३ | २३.२२ हे. (३४ विगाहा) (२.६६ कि.मी.) | ३.५ हे. | १९.७२ हे. (१ वटा) | – | – | २.३० हे. (०.८६ कि.मी.) | २५.५२ हे. | १६२ |
| धनुषा | ३०.४ कि.मी. | १,३२५ | १,६१७ | १५८.१४ हे. (२३३ विगाहा) (२८.७३ कि.मी.) | १४२ हे. | १६.१४ हे. (२ वटा) | – | – | ८.३१ हे. (१.६७ कि.मी.) | १६६.४९ हे. | ३३ |
| सिराहा | ४०.५४ कि.मी. | २,२०० | २,४४८ | २१९.९३ हे. (३२४ विगाहा) (३८.२२ कि.मी.) | १७०.१ हे. | ४९.८३ हे. (५ वटा) | ५.६० हे. (१.१२ कि.मी.) | – | ६.०० हे. (१.२ कि.मी.) | २३१.५३ हे. | ८९ |
| सप्तरी | ५१.३६ कि.मी. | ३,००० | ३,२३२ | २६८.७६ हे. (३९६ विगाहा) (४२.२५ कि.मी.) | २३१.८ हे. | ३७.०१ हे. (५ वटा) | १.८० हे. (०.३६ कि.मी.) | ३७.२५ हे. (७.४५कि.मी.) | ६.५० हे. (१.३ कि.मी.) | ३१४.३१ हे. | ५३ |
| सुनसरी | १४.० कि.मी. | ५५० | ६२६ | ७१.६२ हे. (१०५ विगाहा) (१३.०५ कि.मी.) | ६४ हे. | ७.६२ हे. (१ वटा) | – | २.७५ हे. (०.५५कि.मी.) | २.०० हे. (०.४ कि.मी.) | ७६.३७ हे. | ३४ |
| जम्मा | १३९.४२ कि.मी. | ७,२५० | ८,१५६ | ७४१.६७ हे. (१०९५ विगाहा) (१२४.९१ कि.मी.) | ६११.३५ हे. | १३०.३२ हे. (१४ वटा) | ७.४० हे. (१.४८ कि.मी.) | ४०.०० हे. (८ कि.मी.) | २५.१५ हे. (५.०३ कि.मी.) | ८१४.२२ हे. | ३७१ |
| | | | | ९१.०९% | | | ०.९१% | ४.९१% | ३.०९ % | १००% | |

**निष्कर्ष**

**मेची-महाकाली बिद्युतिय रेलमार्ग** अन्तर्गत **बर्दिबास - इनारुवा खण्डको** बिस्तृत सर्भे तथा डिजाईन कार्य सम्पन्न भएको छ । जस अनुसार रेलमार्ग निर्माणको लागि करिव ८१४.२२ हेक्टर जमीनको आवश्यकता पर्ने देखिन्छ, जस मध्ये ७४१.६७ हेक्टर निजि कृषि योग्य जमीन र ४७.४ हेक्टर वन क्षेत्र पर्दछ । निजि कृषि योग्य जमीनको अनुपात सर्वाधिक रहेको छ (९१.०९%) र ७,२५० जग्गाधनीको जग्गा आवश्यक पर्ने देखिन्छ । साथै ३७१ वटा घरहरु पनि आवश्यक पर्ने देखिन्छ । यसरी निजी सम्पत्तीको क्षति नै यस परियोजनाको मुख्य नकारात्मक असर रहेको छ । निजी सम्पत्तीको क्षतिपूर्तीको लागि प्रभावित सम्पत्तीहरुको मुल्यान्कन गरि यस प्रतिवेदनमा अनुमानित लागत समावेश गरिएको छ ।

यस परियोजनाले ठुलो क्षेत्रको वन जंगलको नोक्सानी गर्ने देखिदैन । ३ स्थानमा रहेका सामुदायिक वनको करिव १.४८ कि.मी. को ७.४ हेक्टर वन क्षेत्रफलमा करिव २०३८ रुखको मात्र कटान गर्नुपर्ने देखिएको छ । रुख कटानको क्षतिपूर्ती स्वरुप करिव ५१,००० बिरुवा बृक्षारोपन गरिने गरि ५ बर्ष सम्म यसको संरक्षण र रेखदेखको प्रवन्ध गरिएकोछ । यी वनहरुमा वन्य जन्तुमा पर्न सक्ने प्रभाव पनि नगन्य मात्र देखिएको छ । यी ३ स्थानको सामुदायिक वनको साथै कोशी टप्पु वन्यजन्तु आरक्षको करिव ८ कि.मी. को ४० हेक्टर क्षेत्रफल मध्यवर्ति जमीन पनि आवश्यक पर्नेछ ।

सामान्यतया, नकारात्मक प्रभावको तुलनामा यस रेलमार्ग परियोजनाका आर्थिक तथा सामाजिक लाभहरु धेरै हुने देखिन्छ । तथापी, यस परियोजनाको निर्माण चरणमा विभिन्न भौतिक वातावरणीय अवयवहरुमा नकारात्मक पर्ने सम्भावना रहेका छन् जसका लागी यस प्रतिवेदनमा यी नकारात्मक प्रभावहरुको न्युनिकरणका संभावित उपायहरु सुझाइएको छ । साथै नकारात्मक प्रभावहरुको न्युनिकरणका उपायहरु अवलम्बन गर्न सहज पुर्याउने ध्येयले वातावरणीय व्यवस्थापन योजनाको विवरण पनि यस प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल सरकारले **मेची-महाकाली बिद्युतिय रेलमार्ग** परियोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा प्राथमिकतामा राखेको छ । निमार्ण र संचालनको अवस्थामा यस **बर्दिबास - इनारुवा रेलमार्ग खण्ड** परियोजनाले सामाजिक तथा वातावरणीय पक्षहरुमा नकारात्मक प्रभावहरु न्युन रुपमा मात्र पुरयाइ र सामाजिक, आर्थिक क्षेत्रमा अत्यधिक लाभ पुराउन मद्दत पुग्ने विश्वास यस वातावरणीय प्रभाव मुल्यान्कन (EIA) प्रतिवेदनले लिएको छ ।

Scanned by CamScanner

## ११. बर्दिबास – ईनरुवा खण्डको रेलमार्गका केही बिशेषताहरु

| | |
|---|---|
| परियोजनाको नाम: | मेची–महाकाली बिद्युतिय रेलमार्गको बर्दिबास–ईनरुवा खण्डको विस्तृत सर्भे र डिजाइन कार्य |
| प्रदेश नम्बर | १ र २ |
| जिल्लाहरु | महोत्तरी, धनुषा, सिराहा, सप्तरी र सुनसरी |
| प्रभावित नगरपालिका (१८) | महोत्तरी : बर्दिबास (१)<br>धनुषा : मिथिला, क्षिरेश्वरनाथ, धनुषाधाम, गणेशमान चारनाथ, शहिदनगर (५)<br>सिराहा : कर्जन्हा, मिर्चैया, गोलबजार, धनगढीमाई, लाहान (५)<br>सप्तरी : सुरंगा, खडक, शम्भुनाथ, डाक्नेश्वरी, राजबिराज, हनुमाननगर कंङ्कालिनी, कचनरूप (७)<br>सुनसरी : (०) |
| प्रभावित गाउँपालिका (६) | महोत्तरी :(०) धनुषा : (०) सिराहा : नरहा (१)<br>सप्तरी : रूपनी, महादेवा, तिरहुत (३) सुनसरी : कोशी, भोक्राहा नरसिंह (२) |
| बर्दिबास–ईनरुवा खण्डको कुल लम्बाई | १३९.४२ कि.मी. |
| रेलमार्गको ट्र्याक र गेज | एकल ट्र्याक, स्टान्डर्ड गेज (1,435 mm) |
| स्टेशनको प्रकार | डबल ट्र्याक ; यात्रु स्टेशन, मालवाहक स्टेशन, र सिग्नल स्टेशन |
| डिजाइन गति (यात्रु रेल) | अधिकतम २०० कि.मी. प्रति घन्टा |
| डिजाइन गति (मालवाहक रेल) | अधिकतम १५० कि.मी. प्रति घन्टा |
| रेलमार्ग अधिकार क्षेत्र (राइट–अफ–वे ) | ५० मिटर ( केन्द्र बिन्दुबाट २५ मि. दायाँ र २५ मि. बायाँ) |
| पुल , कल्भर्टको संख्या | मुख्य पुल ६१ ; सडक माथी बन्ने पुल १४८, कल्भर्ट २९१ |
| जम्मा पुलको लम्वाई | १६,०६५ मी. (११%) |
| सप्त कोशी पुलको लम्वाई | ८.१२ कि.मी. ( स्यान संख्या २०३ ) हालको ब्यारेजबाट ६ कि.मी. उत्तर |
| जमीनबाट ट्र्याकसम्मको माटोको उचाई | न्युनतम ८.८ मी. देखी अधिकतम १४.४३ मी. उचाई सम्म |
| ुल स्टेशनको नाम (१४ स्थान) | बर्दिबास, नक्टाझिज, यज्ञभूमि, कल्याणपुर, मिर्चैया, आसनपुर, धनगढी, लाहान, बोनरजुला, मोहनपुर, राजबिराज, डिमन, धनपुरी, हरिपुर |
| यात्रु स्टेशन (१० स्थान) | बर्दिबास, नक्टाझिज, यज्ञभूमि, मिर्चैया, आसनपुर, धनगढी, लाहान, मोहनपुर, राजबिराज, धनपुरी, |
| सिग्नल स्टेशनको नाम (४ स्थान) | कल्याणपुर, बनारजुला, दिमान, हरिपुर |
| मालवाहक स्टेशन (२ स्थान) | बर्दिबास, लाहान |
| –स्टेशनको स्थान | ढल्केबार, मिर्चैया, लहान |
| **जग्गा आवश्यकता** | **लम्बाई १३९.४२ कि.मी. – क्षेत्रफल ८१४.२२ हेक्टर** (स्टेशनहरुको लागी समेत) |
| निजी कृषि भूमि | लम्बाई १२४.९१ कि.मी. – क्षेत्रफल ७४१.६७ हेक्टर |
| वन क्षेत्र | लम्बाई ९.४८ कि.मी. – क्षेत्रफल ४७.४ हेक्टर (कोशी टप्पु मध्यवती क्षेत्र समेत ) |
| अन्य भूमि | लम्बाई ५.०३ कि.मी. – क्षेत्रफल २५.१५ हेक्टर |
| ोजनाले प्राप्त गर्नु पर्ने घर संख्या | ३७१ सबै प्रकारका घर तहरा |
| ण अवधी | ५ वर्ष (जग्गा प्राप्ती सहित) |
| **त अनुमान** | |
| णको लागत | रु. ९६ अर्ब ८४ करोड |
| परियोजनाको लागत | रु. ११६ अर्ब १९ करोड (घर, जग्गा प्राप्तिको क्षतीपुर्ती लागत समेत) |
| टो सम्वन्धी निर्माण कार्य लागत | रु. २२ अर्ब ४५ करोड (१९%) |
| ाक निर्माण लागत | रु. ११ अर्ब ३० करोड (१०%) |
| ुतिय, संचार प्रणाली निर्माण लागत | रु. ५ अर्ब ६४ करोड ( ५%) |
| निर्माण लागत | रु. ३८ अर्ब ३४ करोड (३३%) |
| ान-निर्माण लागत | रु. १४ अर्ब ४८ करोड (१२%) |
| प्रति कि.मी. लागत | रु. ८३ करोड ३५ लाख |
| **र्माण खर्च लागत** | रु. १४ अर्ब १७ करोड |
| तीपुर्ती वृक्षारोपण लागत | रु. ८५ लाख ८५ हजार |
| सम्पत्तिको क्षतीपुर्ती लागत | रु. १३ अर्ब ९१ करोड (घर तथा जग्गाको लागी) |
| नक संवर्द्धन योजनाको लागत | रु. ३ करोड ३९ लाख |
| रणीय र अन्य संवर्द्धन योजनाको | रु.१६ करोड ३५ लाख |

Scanned by CamScanner

# मेची - महाकाली बिद्युतिय रेलमार्गको अन्तरगत
## बर्दिबास - ईनरुवा रेलमार्ग खण्ड




Scanned by CamScanner

Regd No: 9303/055/56

FBC

FULL BRIGHT CONSULTANCY (Pvt.) Ltd.
316 Baburam Acharya Sadak, Sinamangal, Kathmandu
GPO Box: 4970, Kathmandu Nepal
Tel: 977 1 4468749, 4468118 Fax: 4465604
Email: fbc@mos.com.np; Website: www.fbc.com.np

मिति : २०७६/१०/१४

# सूचना !    सूचना ! !    सूचना ! ! !

**विषय : मेची–महाकाली विद्युतीय रेल्वे लाइनको बर्दिबास - ईनरुवा खण्डको रेलमार्गको निर्माण सम्वन्धी सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी हुने बारे ।**

श्री नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, रेल विभाग प्रस्तावक रहेको **मेची–महाकाली विद्युतीय रेल्वे लाइनको बर्दिबास - ईनरुवा खण्डको** रेलमार्गको सम्बन्धी सरोकारवाला स्थानीय वासिन्दाहरु सँग छलफल तथा अन्तरक्रिया एवं EIA प्रतिवेदनमा सार्वजनिक सुनुवाइ गर्न आवश्यक भएको हूँदा यस सम्बन्धी कार्यक्रममा भाग लिन हार्दिक अनुरोध गर्दछौं ।

सार्वजनिक सुनुवाईको कार्यक्रम:

| स्थान | मिति, समय | लक्षित् प्रभावित क्षेत्रहरु |
|---|---|---|
| मिथिला न.पा. को कार्यालय, ढल्केवर | २०७६/१०/२७ विहान ११:०० बजे | बर्दिबास, मिथिला, छिरेश्वरनाथ, धनुषाधाम, गणेशमान चारनाथ र शहिदनगर न.पा.हरु |
| लाहान न.पा. को कार्यालय, लाहान | २०७६/१०/२८ विहान ११:०० बजे | कर्जन्हा, मिर्चैया, गोलबजार, धनगढिमाई र लाहान, न.पा,हरु तथा नरहा गा.पा. |
| राजविराज न.पा. को कार्यालय, राजविराज | २०७६/१०/२९ विहान ११:०० बजे | सुरुङ्गा, खडक, शम्भुनाथ, डाक्नेश्वरी, राजविराज, हनुमाननगर कङ्कालिनी, रकञ्चनरुप न.पा.हरु तथा रुपनी, महादेवा, र तिरहुत, कोशी र भोक्राहा नरसिंह गा.पा.हरु |

साथै, सम्वन्धित न.पा., गा. पा. कार्यालयहरुलाई पनि यसै सूचनालाई आधार मानी, सबै सम्वन्धीत सरोकारवाला महानुभावहरुलाई सूचीत गरि उक्त कार्यकममा सहभागी हुन निमन्त्रणा गरिदिन हुन पनि अनुरोध गर्दछौं ।

कार्यकम आयोजक
फुल ब्राइट कन्सल्टेन्सी प्रा. ली.

प्रस्तावक :
श्री नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, रेल विभाग, काठमाण्डौं



Scanned by CamScanner